सूर्यविनायक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटुन्जे, भक्तपुर ।

# चमेना गृह संचालन सम्वन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सुचना

## प्रथम पटक सूचना प्रकाशित मिति २०८२।०२।२६

१. यस नगरपालिकाको कार्यालयको कटुन्जे र सो अन्तर्गत सूर्यविनायक नगर अस्पताल, जगातीमा चमेना गृह सञ्चालन सिलबन्दी दरभाउपत्रबाट गर्नु पर्ने भएकोले नेपाल सरकारबाट सम्बन्धित कार्यमा ईजाजत प्राप्त इच्छुक फर्महरुले व्यवसाय दर्ता प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र र आ.व.०८१।०८२ कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखि दरभाउपत्र फारम यस नगरपालिकाको NIC ASIA Bank को खाता नं. ग-१-१-००८२०५००४२१२०००३ मा रु. १०००(एक हजार मात्र) फिर्ता नहुने गरि बुझाई प्रथम पटक प्रकाशित भएको मितिः २०८१।०२।२६ ले पन्ध्र दिन भित्र कार्यालय समयमा खरिद गर्न सकिने छ ।

२. शिलबन्दी दरभाउपत्र पेश गर्दा खामबन्दी गरी लाहाछाप लगाई सोह्रौ दिन दिनको १२.०० बजे भित्र यस नगरपालिका र नगर अस्पतालमा दरभाउपत्र दाता आफै वा आधिकारीक प्रतिनिधि मार्फत दरभाउपत्र दर्ता गराई सक्नु पर्नेछ। दाखिला भएका सिलबन्दी दरभाउपत्रहरु सोही दिन दिउँसो २.०० वजे दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा नगरपालिका वा नगर अस्पतालमा खोलिने छ। दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

३. दरभाउपत्र खरिद एवं दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु विदाको लगतै पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

४. दरभाउपत्र अंक र अक्षरमा दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । दरभाउपत्र फारमको प्रत्येक पानामा दरभाउपत्र दाताको सहिछाप हुनु पर्नेछ । म्याद नाघी आएको र रीत नपुगेको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

५. एक फर्म संस्था वा कम्पनीको नाममा खरिद गरिएको दरभाउपत्र अर्को संस्था वा कम्पनीको नामबाट पेश गर्न पाईने छैन ।

६. शिलबन्दी दरभाउपत्र खरिद वा दर्ता गर्ने फर्महरुले दरभाउपत्रमा उल्लेख गरिएको कामको सम्बन्धमा राम्ररी बुझि शिलबन्दी दरभाउपत्र भरेको मानिनेछ ।

सूर्यविनायक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटुन्जे, भक्तपुर ।

७. दरभाउपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ ।

८. अन्य थप केही बुझ्नु परेमा यस नगरपालिका वा नगर अस्पतालको प्रशासन शाखामा कार्यालय समय भित्र आई बुझ्न सकिनेछ ।

❖ **क्यान्टिन संचालन गरी खाना खाजा खुवाउन इच्छुक फर्महरुले पालन गर्नु पर्ने शर्तहरु**

- नगरपालिका वा अस्पताल प्रशासनसँग समन्वय गरी उत्पादित फोहर मैलाको उचित व्यवस्थापन गर्नु पर्नेछ ।
- क्यान्टिनको भान्सा, डाइनिङ हल, शौचालय र वरिपरिको वातावरण चौविसै घण्टा सफा र स्वच्छ राख्नु पर्नेछ ।
- तयार भएको खाना छोपेर राख्ने लगायत उचित तरिकाले खानाको पौष्टिकता नघटने र दुषित नरहने गरी व्यवस्थापन गर्नु पर्नेछ ।
- क्यान्टिनले सेवाग्राहीहरुलाई सफा र स्वच्छ पिउने पानीको व्यवस्था निशुल्क रुपमा गर्नु पर्नेछ ।
- सेवा छिटो, छरितो र चुस्त हुनु पर्नेछ ।
- क्यान्टिनमा काम गर्ने कर्मचारीको व्यवहार सेवाग्राही मैत्री हुनु पर्नेछ ।
- क्यान्टिन संचालन अस्पतालको हकमा प्रत्येक दिन विहान ६.०० बजे देखि राती १०.०० सम्म र नगरपालिकाको हकमा बिहान ८.०० बजे देखि बेलुका ६.०० बजे सम्म गर्नु पर्नेछ ।
- क्यान्टिनमा बाल श्रम प्रयोग गर्न पाइने छैन ।
- क्यान्टिनमा आवश्यक सामाग्रीको व्यवस्था क्यान्टिन संचालन आफैले व्यवस्था गर्नु पर्नेछ ।
- विद्युतको सब मिटर राखिनेछ । विद्युत उपयोग गरेको आधारमा लाग्ने शुल्क प्रत्येक महिना अस्पताल वा नगरपालिकामा बुझाउनु पर्नेछ ।
- धाराको पानी नगरपालिका वा अस्पतालले उपलब्ध गराउनेछ ।
- अस्पताल वा नगरपालिकामा कार्यरत कर्मचारीलाई कबोल गरिएको दररेटमा १५% छुट दिनुपर्नेछ ।
- क्यान्टिन संचालन सम्बन्धि भाडा सिलबन्दी दरभाउमा तोकिएको न्युनतम रु.५०००।- मा बोलकबोल गरेको रकम मासिक रुपमा बुझउनु पर्नेछ ।